## अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०१/०२ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

<table>
<tr><th>सि.नं</th><th>प्रतिवादीहरु</th><th>मुद्दा</th><th>आयोगको माग दावी तथा विशेष अदालतको फैसला</th><th>विशेष अदालतको फैसला र आधार</th><th>आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु</th></tr>
<tr>
<td>१</td>
<td>प्रतिवादीहरु तोरण बहादुर कार्की<br>मु.नं(०८०-CR-००३२)<br>फैसला मिति २०८१/०२/२३<br>फैसला प्रमाणीकरण मिति २०८२।०८।१७</td>
<td>गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको।</td>
<td>• प्रतिवादी तोरण बहादुर कार्कीलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसूरमा बिगो रु.४,६७,३८,७८०।६६ कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ मा उल्लेख भए बमोजिम सोही ऐनको दफा ३ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम कैद तथा जरिवानाको सजाय हुन तथा प्रतिवादी तोरण बहादुर कार्कीले जाँच अवधिमा गैरकानूनी रूपमा आर्जन गरेको</td>
<td>फैसलाः<br>प्रतिवादीहरुलाई आरोप मागदावीबाट सफाई दिने ठहर गरी फैसला भएको अवस्था छ।<br>विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः<br>क. <u>ब्यय शिर्षकको हकमाः-</u><br>१) घरको निर्माण खर्चमा १५ प्रतिशत ओभरहेड खर्च र ५ प्रतिशत ठेक्का कर गरी जम्मा २० प्रतिशत घटाइ बिगो कायम हुने न्यायिक मान्यता रहेको।<br>२) जग्गा खरिद गर्दा लिखतमा उल्लिखित रकमलाई नै आधारभूत मूल्य कायम गर्नु पर्ने हुँदा पारित लिखतमा अंकित मूल्य र भुक्तानी गरेको रजिष्ट्रेशन दस्तुरलाई नै उक्त जग्गा खरिदबापतको ब्ययमा गणना गर्नु पर्ने।<br><br>ख. <u>आय शिर्षकको हकमाः-</u><br>१. प्राधिकरणको कर्मचारी सेवा शर्त सम्वन्धी विनियमावली, २०७२ को दफा १५३ बमोजिम काजमा रहदा खाइपाइ आएको तलब भन्दा एक तहमाथिको कर्मचारीले पाउने तलब पाएकोले सो रकम अतिरिक्त आयमा गणना गर्नु</td>
<td>क) आरोप पत्र अनुसार, प्रतिवादी तोरण बहादुर कार्कीले सार्वजनिक सेवाको पदमा कायर्रत रहँदा पेश गरेको सम्पत्ति विवरण, अनुसन्धानको क्रममा निज प्रतिवादीहरुको बयान, विभिन्न बैंकबाट प्राप्त विवरण, अनुसन्धानको सिलसिलामा संकलित विभिन्न चल अचल सम्पत्तिहरुसँग सम्बन्धित विभिन्न निकायहरुबाट प्राप्त प्रमाण, प्रतिवेदन तथा कागजातहरु लगायत निज प्रतिवादीको सम्पूर्ण आय व्ययका सम्बन्धमा गरिएको आय व्यय प्रवाह विवरण (Income Expenditure Cash Flow) को प्रचलित कानूनको व्यवस्थाको रोहमा बस्तुनिष्ठ तवरले अध्ययन एवं विवेचना गर्दा निज प्रतिवादी तोरण बहादुर कार्कीले सार्वजनिक सेवा प्रवेश गरेको मिति २०५३/०२/१७ देखि मिति २०७९/०८/२८ सम्म अनुसन्धान जाँच अवधिको समग्र आयव्यय निम्न बमोजिम देखिन्छः-<br><br><u>आय व्ययको विवरण</u>
<table>
<tr><th rowspan="2">क.स</th><th colspan="2">आय</th><th rowspan="2">क.स</th><th colspan="2">व्यय</th></tr>
<tr><th>विवरण</th><th>रकम (रू.)</th><th>विवरण</th><th>रकम (रू.)</th></tr>
<tr><td>१.</td><td>तोरण बहादुर कार्कीको पारिश्रमिक आय</td><td>२७,४२,७०८.७८</td><td>१.</td><td>घर निर्माण खर्च</td><td>२८,११,०८५.५७</td></tr>
<tr><td>२.</td><td>उर्मिला थापा कार्कीको पारिश्रमिक आय</td><td>३१,३७,७३७.६०</td><td>२.</td><td>जग्गा खरीद</td><td>४,४९,४०,५४५.००</td></tr>
<tr><td>३.</td><td>भत्ता आय</td><td>१९,८८,६९५.००</td><td>३.</td><td>अध्ययन खर्च</td><td>३८,०४,७२०.००</td></tr>
<tr><td>४.</td><td>कर्जा आय</td><td>९२,९०,५००.००</td><td>४.</td><td>साँवा ब्याज भुक्तानी</td><td>६६,२७,४७६.००</td></tr>
<tr><td>५.</td><td>बिप्रेषण आय</td><td>७८,१५,५८४.००</td><td>५.</td><td>बिमा प्रिमियम तिरेको रकम</td><td>१,०९,३०५.००</td></tr>
<tr><td>६.</td><td>घरबहाल आय</td><td>३,७८,३५४.००</td><td>६.</td><td>सवारी साधन खरिद</td><td>१७,२३,४००.००</td></tr>
<tr><td>७.</td><td>बीमा परिपक्व आय</td><td>१,७७,७९५.००</td><td>७.</td><td>शेयर खरिद</td><td>११,४१,७००.००</td></tr>
<tr><td>८.</td><td>जग्गा बिक्री आय</td><td>१,०६,२६,६६६.६६</td><td>८.</td><td>पुँजीगत लाभकर</td><td>२,६५,६६६.६६</td></tr>
<tr><td></td><td></td><td></td><td>९.</td><td>घर बहालकर भुक्तानी</td><td>२,३५,२६७.००</td></tr>
<tr><td colspan="2">कुल जम्मा रु.</td><td>३,६१,५८,०४१.०४</td><td></td><td>कुल जम्मा रु.</td><td>६,२५,६५,६४८.३८</td></tr>
<tr><td colspan="3">आय भन्दा खर्च लगानी (व्यय) बढी देखिएको रकम रु.</td><td></td><td></td><td>(२,६४,०७,६०७.३४)</td></tr>
</table>
<br>आवधिक रुपमा श्रोत नखुलेको रकम
<table>
<tr><th>श्रोत नपुगेका सम्पत्तिहरुको विवरण :</th><th>श्रोत नखुलेको रकम</th></tr>
<tr><td>आ.व ०६४/०६५ सम्ममा जग्गा खरिद गर्दा</td><td>-४४,६४२.४८</td></tr>
<tr><td>आ.व ०६५/०६६मा घर निर्माण गर्दा, बिमा प्रिमियम,अध्ययन शुल्क तिर्दा</td><td>-१,६१६,२७५.७४</td></tr>
<tr><td>आ.व ०७०/०७१ सम्ममा जग्गा खरिद गर्दा</td><td>-७१२,४९३.३०</td></tr>
<tr><td>आ.व ०७१/०७२ मा ऋण भुक्तानी र घर निर्माण गर्दा</td><td>-१,४४९,३६७.४३</td></tr>
</table>
</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>सम्पत्ति निज आफू र निजको श्रीमती उर्मिला थापा कार्कीको नाममा राखेको देखिँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३, दफा १६ ग., दफा २९ को उपदफा (१) र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ ख. बमोजिम असुल उपर गरी पाउन मागदावी</td>
<td>पर्ने।<br>२. प्रतिवादी उर्मिला थापा कार्कीको जाँच अवधि सम्म ५ महिनाको अवधिको तलव भत्ता गणना गर्न छुटेकोले ८५% रकम कटाई बाँकी रकम आयमा गणना गर्नुपर्ने।<br>३. प्रतिवादी उर्मिला थापा कार्कीको पोशाक भत्तामा १५% कट्टी गरी आयमा गणना गर्नुपर्ने।<br>४. प्रतिवादीले कर्मचारी संचयकोषबाट लिएको कर्जा विवरणबाट देखिएको रकमलाई आयमा गणना गर्नुपर्ने।<br>५. व्यक्तिहरुबाट सापटी लिएको भन्ने प्रतिवादीको जिकिरलाई निजको बैंकखाताबाट देखिएको र उक्त तथ्यलाई सापटी दिनेले बकपत्रबाट समेत पुष्टि गरेकोले व्यक्तिगत सापटी आयमा गणना गर्नुपर्ने।<br>६. घर बहाल सम्झौता तथा अन्तिम जाँच अवधिसम्मको घरबहाल कर समेत बुझाएको रसिदबाट समेत देखिएकोले बहाल आयमा समावेश गर्नुपर्ने।<br>७. प्रतिवादीले पाउने महंगी भत्ता आयमा समावेश गरेको नदेखिदा ३०% जीवन निर्वाह खर्च कटाई बाँकि रकम प्रतिवादीको आयमा गणना गर्नुपर्ने।<br>८. प्रतिवादीले पाउने पोशाक भत्ता प्रतिवादीको आयमा</td>
<td>
<table>
<tr><td>आ.व ०७२/०७३ सम्म सवारी खरिद, बीमा प्रिमियम, अध्ययन र भुक्तानी</td><td>-१,४४८,२०७.४०</td></tr>
<tr><td>आ.व ०७४/०७५ मा जग्गा खरिद,रजिष्ट्रेसन दस्तुर,अध्ययन खर्च</td><td>-१७,८६८,४७८.२६</td></tr>
<tr><td>आ.व ०७५/०७६ मा जग्गा खरिद,ऋण भुक्तानी, अध्ययन खर्च र स्कुटर खरिद</td><td>-२२,६९२,८३२.९०</td></tr>
<tr><td>निज ऋणात्मक भएको मिति २०७६।०३।३० सम्मको बैकं मौज्दात</td><td>-९०६,४८३.१५</td></tr>
<tr><td>कुल जम्मा ऋणात्मक रकम (रू.)</td><td>-४,६७,३८,७८०.६६</td></tr>
</table>
अदालतबाट Cut-off अबधि कायम नगरी समग्र जाँच अवधिलाई समष्टिगत रुपमा आय तथा व्यय विश्लेषण गरी फैसला गर्दा, गैर कानुनी तवरबाट आर्जन गरेको सम्पत्तिबाट भएको आयलाई समेत कानुनी आयमा मान्यता दिदै जाने हो भने गैरकानुनी कार्यले प्रश्रय पाउने हुँदा उक्त फैसला त्रुटिपूर्ण रहेको छ।यसै सन्दर्भमा, नेपाल सरकार विरुद्ध युवराज शर्मा भएको (ने.का.प.२०६९, अंक ५, नि.नं.८८८६) मुद्दामा “आधारभूत सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको अवस्थामा त्यसबाट बढेबढाएको सम्पत्ति समेत स्वतः गैरकानूनी हुने भई दफा ४७ बमोजिम जफत हुने स्थिति रहन्छ।त्यसैले बढेबढाएको सम्पत्तिको स्रोत खोज्न वा त्यस्तो सम्पत्तिबाट आधारभूत सम्पत्तिको स्रोत पुष्टि हुने गरी अर्थ गर्न मिल्दैन।बढे बढाएको सम्पत्तिलाई आयको मान्यता दिंदा परिणामतः त्यसले आधारभूत सम्पत्तिकै स्रोत पुष्टि हुनजाने अवस्था सिर्जना हुन आउँछ, जुन कानूनसम्मत हुन नसक्ने” भनी सिद्धान्त प्रतिपादन भएकोमा उक्त सिद्धान्त प्रतिकूल हुने गरी भएको प्रस्तुत फैसला त्रुटीपूर्ण छ ।
ख) <u>प्रतिवादीको आय शिर्षक तर्फः</u>
१. प्रतिवादी तोरण बहादुर कार्कीको पारिश्रमिक आयः फैसलामा प्रतिवादी काठमाण्डौ उपत्यका विकास प्राधिकरण, जिल्ला आयुक्तको कार्यालय काठमाण्डौमा आ.व.२०७३/७४ देखि २०७८/७८ सम्म काजमा रहंदा उक्त प्राधिकरणको कर्मचारी सेवा शर्त सम्बन्धी विनियमावली, २०७२ को दफा १५३ बमोजिम काजमा रहंदा खाईपाई आएको तलब भन्दा एक तहमाथिको कर्मचारीले पाउने तलब पाएको उक्त कार्यालयको मिति ०८०।०८।०४ च.नं. ५०२ को पत्रबाट खुलेको भनी ३० प्रतिशत जीवन निर्वाह खर्चबापत कट्टा गरी रु.१,८५,४७२।- प्रतिवादी पारिश्रमिक आयमा थप गरिएको देखिन्छ, तर उक्त तथ्यको वारेमा पारिश्रमिक पाउने प्रतिवादी स्वयं तोरण बहादुर कार्कीले अनुसन्धानको वयानका क्रममा कही कतै उल्लेख गरेको देखिदैन साथै थप तलव प्राप्त गरेको निजको बैंक खाताबाट पुष्टि भएको समेत नदेखिदा उल्लिखित केवल एउटा पत्रको भरमा प्रतिवादीको पारिश्रमिक आयमा थप आय कायम गरेको पत्रको प्रमाणिक मूल्यांकन परीक्षण नगरी भएको प्रस्तुत फैसला त्रुटी भई बदरभागी छ।
२. प्रतिवादी उर्मिला थापा कार्कीको पारिश्रमिक आयः निज प्रतिवादी उर्मिला थापा कार्कीको श्रमिक शान्ति माध्यामिक विद्यालयबाट शिक्षक तलब गणना गर्दा आ.व. २०७८/७९ सम्मको मात्र आय गणना गरेको देखियो।अनुसन्धानको क्रममा जाँच अवधि मिति २०७९।०८।२८ सम्म कायम गरेको देखिन्छ। यस अवस्थामा मिति २०७९ श्रावणदेखि मंसिरसम्मको आयमा जीवन निर्वाह खर्च कटाई बाँकी रहने ८५ प्रतिशत रकम अर्थात रु.१,७६,३००।२ उर्मिला थापा कार्कीको पारिश्रमिक आय स्वरुप थप गणना गर्नुपर्ने भनी फैसला भएको देखियो।अनुसन्धानको क्रममा निज प्रतिवादी कार्यरत श्रमिक शान्ति मा.वि. ललितपुर च.नं.४९, मिति २०७९।०९।११ गतेको आयोगमा प्राप्त पत्रको बेहोरा बमोजिम नै निजको परिश्रमिक आय कायम गरिएको तर अदालतले के, कुन प्रमाणको आधारमा प्रतिवादी उर्मिला थापा कार्कीको आयमा रु.१,७६,३००।२ थप गरिएको हो फैसलामा स्पष्ट खुल्न सकेको अवस्था छैन।प्रतिवादीले नै कुनै प्रमाण पेश गरेको भएपनि उक्त प्रमाणको आधिकारिकता परिक्षण विना भएको फैसला त्रुटीपूर्ण छ।
३. कर्जा आय : आरोप पत्रमा प्रतिवादी तोरण बहादुर कार्कीको कर्जा आयतर्फ रु.९२,९०,५००।- गणना गरेको देखिन्छ। सोको अतिरिक्त निज प्रतिवादी जिल्ला शिक्षा कार्यालय ललितपुरमा कार्यरत रहंदा मिति २०६५।१२।१२ मा कर्मचारी संचय कोषबाट रु.१,८४,४००।-र मिति २०६६।०२।१० मा घरकर्जा बापत रु.५,६९,०००।- गरी जम्मा रु.७,५३,४००।- कर्जा लिएको भन्ने कर्मचारी संचयकोषको पत्र र मिति २०६६।०४।१३ को प्रिन्ट मिति भएको Loan number 10470 को कर्जा विवरणबाट देखिएको हुँदा सो रकमलाई समेत कर्जा आयमा गणना गर्नुपर्ने देखिन आएकोले कूल रु.१,००,४३,९००।— आयमा थप हुने भनी फैसला भएको सन्दर्भमा, कर्मचारी सञ्चय कोषको च.नं.३२९, मिति२०७९/१०/११ को पत्रमा समेत मिति२०६५/१२/१२ र मिति२०६६/०२/१० मा लिएको भनि दावी गरेबमोजिमको ऋण सम्बन्धमा
</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | समावेश गरेको नदेखिएकोले सो रकममा ३०% खर्च कटाई वाँकी रकम आयमा गणना गर्नुपर्ने।<br>९. प्रतिवादीले आ.व. २०७८।०७९ र ०७९।८० मा विभिन्न जिल्लामा अनुगमन तथा निरिक्षण गरे वापत प्राप्त रकममा ३०% कट्टा गरी वाँकी आयमा गणना गर्नुपर्ने।<br>०. प्रतिवादीले प्राप्त गरेको बैठक भत्तामा खर्च कटाई वाँकी रकम आयमा गणना गर्नुपर्ने।<br>१. धोविखोला करिडोर तथा कपन बुढानिलकण्ठ डुवान नियन्त्रण आयोजनाबाट प्राप्त भत्तामा ३० प्रतिशत खर्च कटाई वाँकी रकम आयमा गणना गर्नुपर्ने।<br>२. प्रतिवादीले विभिन्न बैंक मौज्दातमा प्राप्त गरेको ब्याज रकमलाई निजको आयमा गणना गर्नुपर्ने।<br>३. विप्रेषण रकम प्रतिवादीले फिर्ता गरेको देखिएन भनी आयमा गणना नगरेको मिलेन, तसर्थ प्रतिवादीले पेश गरेको विप्रेषण रकम बुझिलिएको Received form बाट देखिन आएकोले उक्त रकमलाई विप्रेषण आयमा गणना गर्नुपर्ने।<br>४. छोराहरुको ब्रतवन्धको टिकाटालोको दक्षिणा वापतको प्राप्त आयलाई प्रतिवादीको आयमा गणना | कहिकतै उल्लेख गरेको देखिदैन। प्रतिवादी तोरण बहादुर कार्कीले सार्बजनिक सेवामा कार्यरत रहँदा आफ्नो नाममा कर्मचारी संचयकोष, नागरिक लगानी कोष र निजको श्रीमती उर्मिला थापाले ग्रामिण बचत तथा ऋण सहकरी संस्थाबाट समेत कर्जा लिएको देखिन आएकोले अनुसन्धानको क्रममा विभिन्न बैङ्क, वित्तीय संस्था, कर्मचारी सञ्चय कोष तथा नागरिक लगानी कोष समेतबाट प्राप्त हुन आएका कागजातहरु तथा निजले बयानको क्रममा खुलाई दावी लिए अनुसार प्राप्त प्रमाणबाट खुल्न आएको कर्जा रकम जम्मा रू.९२,९०,५००।— लाई आरोप पत्रको प्रतिवादीको आयमा गणना गरिएको अवस्थामा प्रतिवादीले पेश गरेको प्रमाणको परिक्षणसम्म नगरी भएको फैसला त्रुटीपूर्ण छ।<br>४. **बिप्रेषण आय (सापटी)ः** प्रतिवादीको भान्जा ज्वाई राम खड्काले Money Gram International Money Transfer मार्फत पठाएको रकम रु. २,७८,६२५।- प्रतिवादीले Samsara Private Limited बाट Reference Number 42651572 बाट बुझिलिएको Received form बाट देखिन आएकोले सो रकमलाई समेत विप्रेषण आयमा गणना गर्नुपर्ने भनी फैसला भएको छ तर भान्जा ज्वाईबाट प्राप्त उक्त रकम मिति २०६८।०१।०१ मा (१२ बर्ष अघि) भएको र हालसम्म पनि तिरेको नदेखिएको हुँदा सो रकम विप्रेषण आय हुन सक्तैन कुनै पनि ठोस आधार र प्रमाणको अभावमा विदेशबाट पठाएको रकम भन्दैमा सवै विप्रेषण आय हो भनी अनुमान गरी अदालतले प्रतिवादीको आय थप हुनेगरि भएको प्रस्तुत फैसला बदरभागी छ।<br>५. ***घर/जग्गा बहाल आयः*** घर/जग्गा बहाल सम्झौता र बहाल कर बुझाएको रसिद प्रमाणस्वरुप पेश गरेको देखिन आएकोले प्रतिवादीहरुको नाउँमा रहेको घर तथा जग्गा बहाल बापत प्रतिवादीको कूल आय रु.८६,८६,०००।- गणना हुने देखियो भनी फैसला भएको छ, सो सन्दर्भमा घर निर्माण गर्दा तथा जग्गा खरिद गर्दा नै निज प्रतिवादीको सम्पत्तिको स्रोत पुगेको नदेखिएकोले स्रोत खुलेको रकमको प्रतिशतको अनुपात अनुसार घर तथा जग्गा बहाल वापत वैधानिक आय रु.३,७८,३५४।- मात्र पुष्टि भएकोले सो रकम मात्र आरोपपत्रमा घर/जग्गा बहाल आय कायम गरिएको हो। यसै सन्दर्भमा, "सम्पत्ति खरिद गर्दा लगानी गरिएको आधारभूत मूल्यको स्रोत पुष्टि हुन सकेन भने सोही लगानीसम्म गैरकानुनी आर्जन हुने" भनी नेपाल सरकार विरुद्ध उमेश कुमार रेग्मी समेत **(ने.का.प.२०७२,अंक१२, नि.नं. ९५०५)** मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भएकोले उक्त सिद्धान्त प्रतिकूल भएको प्रस्तुत फैसला बदरभागी छ।<br>६. **ब्यक्तिहरुबाट लिएको सापटी आयः** फैसलामा ब्यक्तिहरुबाट सापटी लिएको भन्ने प्रतिवादीको जिकिरलाई निजको बैंकखाताबाट देखिएको र उक्त तथ्यलाई सापटी दिनेले बकपत्रबाट समेत पुष्टि गरेकोले ब्यक्तिगत सापटी आयमा गणना गर्नुपर्ने भनी आफन्तहरु जितेन्द्र बहादुर कार्कीबाट रु.६०,००,०००।— जमुना कार्कीबाट रु.७२,५०,०००।— सिताराम खतिवडाबाट रु.२२,००,०००।- तोयानारायण तिवारीबाट रु.२,००,०००।- र आनन्दराज जोशीबाट रु.९,५०,०००।— प्रतिवादीको सापटी आयमा गणना गरिएको छ। तर निज प्रतिवादीको निजामती किताबखानाबाट प्राप्त सम्पत्ति बिवरणको ऋण लिए/दिएको महलमा हेर्दा निजले कहिले पनि दावि गरे बमोजिमका ऋण सापटि रकमको बारेमा उल्लेख भएको देखिदैन। अर्कोतर्फ प्रतिवादीले आयोग समक्ष पेश गरेका कागजात र बयानका क्रममा समेत माथि उल्लिखित जितेन्द्र बहादुर कार्की, जमुना कार्की, सिताराम खतिवडा, तोयानारायण तिवारी र आन्नदराज जोशीबाट ऋण सापटी लिएको भनि कहिकतै उल्लेख गरेका छैनन्। मुलुकी देवानी संहिता २०७४ को परिच्छेद १५, लेनदेन व्यवहार सम्बन्धि व्यवस्था बमोजिम लेनदेन ब्यवहार गर्दा लिखत गरी लेनदेन गर्नुपर्ने हुन्छ। सो ब्यवस्थाको दफा ४७७ (छ) अनुसार लिखतमा खुलाउनुपर्ने कुराहरुमा लेनदेन गरेको रकम बुझाउने मिति समेत उल्लेख गर्नुपर्नेमा निजले बयानको क्रममा पेश गरेका लिखतका प्रतिलिपिहरू थान-२०(बीस) मा कहि कतै पनि ऋण रकम बुझाउने मिति उल्लेख भएको पाइएन। साथै सो लिखतहरु मध्ये उक्त ऐन लागु भएको मिति २०७५ भदौ ०१ गते पछाडि गरेको देखिएका पेश भए बमोजिमका लिखतहरु सम्बन्धित वडा कार्यालयबाट प्रमाणित समेत गरेको देखिदैन।<br>I. **जितेन्द्र वहादुर कार्कीबाट लिएको रु.६०,००,०००।- रकमको सम्बन्धमाः** जग्गा खरिदको लागि जितेन्द्र बहादुर कार्कीबाट विभिन्न मितिमा बैंक मार्फत लिएको भनि साविकको समयमा भएका बैंकिङ कारोवारलाई आफू अनुकुल व्याख्या गरि आय बढाउने मनशायले अदालत समक्ष बिना प्रमाण, तथ्यलाई तोडमोड गरि पेश गरेका कागजातलाई अदालतले प्रमाणको रुपमा ग्रहण गर्दै व्यक्तिगत सापटीमा गणना गरिएको रकम प्रतिवादी तोरण वहादुर कार्की र उर्मिला थापाको कुनै पनि बैंक खातामा जितेन्द्र वहादुर कार्कीका नामबाट जम्मा भएको देखिदैन। उक्त दाबी बमोजिमका प्रमाण सम्मानित अदालत समक्ष पेश गरेका समेत छैनन् र जितेन्द्र वहादुर कार्कीले अदालत समक्ष बकपत्र समेत गरेको छैनन्। बास्तविक बैंकिङ कारोवारलाई विश्लेषण गर्दा तोरण वहादुर कार्कीको सानिमा बैंक लि. को खाता नं.००१०००००९९५९० को बैंक खातामा मिति २०७४।०४।२२ (सन् २०१७/०८/०६) मा रु.२४,००,०००। प्रतिवादी तोरण वहादुर कार्की आफैले जम्मा गरेको (मिसिल नं.५ पंजिका ३/७ बैंक स्टेटमेन्ट र ३/१७ दाखिला भौचर), मिति २०७४।०५।१९ (सन् २०१७/०९/०४) मा रु.२०,००,०००।—प्रतिवादी तोरण वहादुर कार्की आफैले जम्मा गरेको (मिसिल नं.५ पंजिका ३/७ बैंक स्टेटमेन्ट र ४/१७ दाखिला भौचर), मिति ०७४।०५।२१ (सन् २०१७/०९/०६) मा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गर्नुपर्ने।<br>१५. छोरा सत्कार कार्कीले अध्यापन गरेबापत प्राप्त आयमा १५% जीवन निर्वाह खर्च कट्टी गरी बाँकी रकम प्रतिवादीको आयमा गणना गर्नुपर्ने।<br>१६.प्रतिवादी उर्मिला थापा कार्कीको विवाहमा प्राप्त टिकाटालो, गोडधुवा, दाइजो, पेवाको रकमलाई प्रतिवादीको आयमा गणना गर्नुपर्ने।<br>प्रतिवादीको समग्र आय व्ययको विश्लेषण गर्दा, निजको वैध आय रु.६,७४,५५,५८७।१४ देखिन्छ भने व्यय रु.४,५६,३६,८३१।२७ रहेको देखिन्छ। प्रतिवादीको आय व्ययको तुलनात्मक गणना गर्दा व्यय भन्दा वैध आय रु.२,१८,१८,७५५।८७ (दुई करोड अठार लाख अठार हजार सात सय पचपन्न रुपैयाँ सतासी पैसा) बढी भएको हुँदा आरोपदावी बमोजिम गैरकनूनी सम्पत्ति आर्जन गरको वा बैध आम्दानी भन्दा अधिक खर्च गरेको वा अमिल्दो र अश्वाभाविक जीवनस्तर यापन गरको भन्ने वादी नेपाल सरकारको दावी पुग्न नसक्ने प्रतिवादी तोरण बहादुर कार्की र उर्मिला थापा कार्कीले आरोप दाबीबाट सफाई पाउने ठहर्छ भनी फैसला भएको छ | रु.५,००,०००।—(मिसिल नं.५ पंजिका ३/७ बैंक स्टेटमेन्ट) समेत प्रतिवादीकै नामबाट जम्मा भएका रकम हुन् । यस्तै तोरण वहादुर कार्कीको कृषि विकास बैंक लि. को खाता नं.०२०९५००१६५३६२०१२ मा कारोवारका सिलसिलामा जम्मा भएको मिति २०७४।०६।०६ (सन् २०१७/९/२२) मा तोरण वहादुर कार्की आफैले नगदै जम्मा गरेको रु.६,००,०००।-(मिसिल नं.५ पंजिका ४/१३ बैंक स्टेटमेन्ट) र प्रतिवादी उर्मिला थापा कार्कीको हिमालयन बैंक लि.को खाता नं.००२०२५५३१६४००१४ मा उर्मिला थापा आफैले २०७४।०५।१९(सन् २०१७/९/४) मा जम्मा गरेको रु.५,००,०००।-(मिसिल नं.५ पंजिका १९/६ बैंक स्टेटमेन्ट) समेत कुल रु.६०,००,०००।-(साठी लाख रुपैयाँ) लाई प्रतिवादीको व्यक्तिगत ऋण सापटी वापतको आयमा गणना गरिएको प्रस्तुत फैसला बदरभागी छ।<br>II. **जमुना कार्कीबाट लिएको रु.७२,५०,०००।- रकमको सम्बन्धमाः** प्रस्तुत फैसलामा जग्गा खरिद गर्नको लागि जमुना कार्कीबाट प्रतिवादी तोरण बहादुर कार्कीको सानिमा बैंक लि को खाता नं. ००१००००९९५९०, मिति २०७४।०६।११ (सन् २०१७/०९/२७) मा रु.२५,००,०००।—खातावालाकै नामबाट जम्मा भएको रकम (मिसिल नं.५ पंजिका ३/७) लाई जमुना कार्की मार्फत जम्मा भएको भनि जिकिर लिएको, प्रतिवादी तोरणबहादुर कार्कीको सानिमा बैंक लि. को खाता नं.००१००००९९५९० मा मिति २०७४।०८।१३(सन् २०१७/११/२९) मा रु.५,००,०००-(मिसिल नं.५ पंजिका २०/६), मिति २०७४।०९।०६ (सन् २०१७/१२/२१) मा रु. ७,५०,०००।- (मिसिल नं.५ पंजिका ३/७) र मिति २०७५।०३।२४ (२०१८/०७/०८) मा रु.१५,००,०००।- खातावाला प्रतिवादी तोरण वहादुर कार्की आफैले जम्मा गरेको, प्रतिवादी तोरण बहादुर कार्कीको मेघा बैंक लि. को खाता नं. ००००५०१९३३३३ मा मिति २०७५।०४।१० (सन् २०१८/०७/२६) मा रु. १५,००,०००।- प्रतिवादी आफैले जम्मा गरेको (मिसिल नं.५ पंजिका ६/४) देखिन्छ।प्रतिवादी उर्मिला थापा कार्कीको हिमालयन बैंक लि. मा रहेको खाता नं. ००२०२५३१६४००१४, मिति २०७४।०७।०१ (सन् २०१७/१०/१८) मा रु. ५,००,०००।- निज खातावाला उर्मिला थापाले नै जम्मा गरेको संलग्न बैंक स्टेटमेन्ट (मिसिल नं.५ पंजिका २०/६) बाट स्पष्ट देखिन्छ।प्रतिवादी आफैले आफु अनुकुल बैंकमा जम्मा गरेको रकमलाई स्रोत लुकाउने, वास्तविक कारोवारलाई छिपाउने उद्देश्यले सापटी स्वरुप लिएको भनि दाबी गरेकै आधारमा कुल रु.७२,५०,०००।- लाई सापटीमा शीर्षकमा आय गणना गरि भएको प्रस्तुत फैसला बदरभागी छ।<br>III. **सिताराम खतिवडाबाट लिएको रु.२२,००,०००।— रकमको सम्बन्धमाः** प्रतिवादी तोरण वहादुर कार्कीको मेघा बैंक लि. मा रहेको खाता नं. ००१००५०१९३३३३ मा मिति २०७५।०४।१४ (सन् २०१८/०७/३०) गते खातावाला प्रतिवादी तोरण वहादुर कार्कीले आफै जम्मा गरेको (मिसिल नं.५ पंजिका ६/४) रु.१०,००,०००।-(दश लाख रुपैयाँ) र सानिमा बैंकको खाता नं. ००१००००९९५९० मिति २०७५।०५।३१ (सन् २०१८/९/१६) मा खातावाला प्रतिवादी तोरण वहादुर कार्की आफैले जम्मा गरेको (मिसिल नं.५ पंजिका २/७) रु.१२,००,०००।–(बाह्र लाख रुपैयाँ) गरि कुल रु.२२,००,०००।-(बाइस लाख रुपैयाँ) लाई जग्गा खरिदको लागि सापट लिएको भन्ने जिकिर लिएकै आधारमा सो रकमलाई व्यक्तिगत सापटी आयमा गणना गर्नु त्रुटीपूर्ण छ।<br>IV. **तोयानारायण तिवारीबाट लिएको रु.२,००,०००।— र आन्दराज जोशीबाट लिएको रु.९,५०,०००।— रकमको सम्बन्धमाः** प्रतिवादी तोरण बहादुर कार्कीको सानिमा बैंक लि. को खाता नं. ००१००००९९५९० मा तोयानारायण तिवारीबाट मिति २०७५।०६।०१ (सन् २०१८/०९/१७) मा दाखिला गरेको रु.२,००,०००।-(दुइ लाख रुपैयाँ) र आनन्दराज जोशीबाट रु.९,५०,०००।- (नौ लाख पचास हजार रुपैयाँ) सापटी लिएको भन्ने आदालत समक्ष प्रतिवादीले जिकिर लिएको देखिन्छ।छोटो अवधिका लागि लिएको व्यक्तिगत सापटी लेनदेनलाई समेत हालसम्म फिर्ता नगरि आय बढाउने उद्देश्यले विगतका कारोवारलाई आफु अनुकुल व्याख्या विश्लेषण गरि जिकिर लिएकै भरमा प्रमाणको परिक्षण नहुनु, लामो समयसम्म सापटी लिएको रकम फिर्ता नगर्नुको कारण नखोजि, सापटी लिनुको औचित्यता समेत पुष्टी नभएको, लिनेदिने पक्षबिचको सम्बन्ध समेतलाई अदानेखा गरि रु.११,५०,०००।— लाई व्यक्तिगत सापटी शीर्षकमा आय गणना गर्नु त्रुटीपूर्ण छ।यसै सन्दर्भमा, लामो समयदेखिका कारोबारलाई ऋणकै रूपमा हालसम्म मानिरहनु पर्ने अन्य कुनै आधार प्रमाण देखिन आएन। यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट "**घरसारमा लिएको कर्जा भाखा भित्र तिर्नु बुझाउनु पर्ने र आर्जन सम्पत्ति बाटै तिरिने हुँदा ऋण लिएको रकम सँधैका लागि आय श्रोत भइरहन्छ भन्न तर्कसंगत देखिदैंन । घरसारमा ऋण लिएको लिएको भनिएको लिखत मितिबाट कर्जा बुझाउने म्याद समेत बाँकी नरही समाप्त भैसकेको र साहूको नालेस नपरेको अवस्थामा घरसारको ऋण निष्क्रिय मान्नुपर्ने।**" (नेपाल सरकार विरुद्ध खुमबहादुर खड्का, ने.का.प., २०६९ अंक ५, नि.नं.८८३२) भन्ने नजिर समेत स्थापित नजिर सिद्धान्त प्रतिकूल भएको प्रस्तुत फैसलामा उल्लेखित रकमहरूलाई निजको ऋणको रूपमा लिएको रकम भनी आयमा गणना गरिएको हुँदा प्रस्तुत फैसला बदरभागी छ।<br>**V.** यसरी प्रतिवादी तोरण बहादुर कार्कीले विगत ५/७ बर्ष पहिलेदेखि लिएको ऋण वापतको रकम बयान अवधिसम्म तिर्न वाँकी नै रहेको करोडौंको कारोबार भुलवस छुट्ने भन्ने कुनै पनि कोणबाट बिश्वसनीय पनि देखिदैन।व्यक्तिगत रुपमा लिएका भनिएका ऋण सापटी रकमहरु आरोपपत्र दायर |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | भइसकेपश्चात मात्र आफू फौजदारी दायित्वबाट बच्ने उद्देश्यले आफु अनुकुलका कागजातहरु तयार गरि पेश गरेको देखिएको हुँदा प्रतिवादीले अदालत समक्षको वयानमा उल्लेख गरेकै भरमा सापटी आय हो भनी एकिन गरी प्रतिवादीको आयमा थप गरि भएको प्रस्तुत फैसला बदरभागी छ।यसै सन्दर्भमा, सम्मानित सर्वोच्च अदालतबाट "**सार्वजनिक पदमा बहाल रहेको पदाधिकारीहरूले कानून बमोजिम नियमित रूपमा साधिकार निकायमा बुझाउने सम्पत्ति विवरण फारम औपचारिकताको बिषय मात्र होईन यसको प्रमाणिक मुल्य हुन्छ।जिम्मेवार पदाधिकारीले जिम्मेवार निकायमा आफैले बुझाएको विवरणबाट सृजित जिम्मेवारीबाट पन्छिन मिल्दैन** " (युवराज शर्मा बि. नेपाल सरकार ०७१-NF-००२१) भन्ने समेत सिद्धान्त प्रतिपादन भएको छ।यसरी प्रतिवादीले लिएको जिकिर प्रमाणहरुबाट पुष्टि हुनु पर्दछ।प्रतिवादीले सापटी रकम कम मात्र लिएको हो भनेर जिकिर लिएकै भरमा कुनै प्रमाण विना उक्त रकमलाई नै मान्यता दिई भएको शुरू विशेष अदालतको फैसला बदरभागी छ।<br>७. **बैङ्क ब्याज आयः** प्रतिवादीहरुको विभिन्न बैंकमा मौज्दात बमोजिम निजहरुले कुल बैंक ब्याज रु. ५१,४७,६१३।- प्राप्त गरेको बैंक स्टेटमेन्टबाट देखिन आएकोले सोलाई निजहरुको आयमा गणना गर्नु पर्ने भनी फैसला भएको छ।तर प्रतिवादीहरुको उक्त बैंक खाताहरुमा कारोबार भएको रकमहरुको कानुनी बैधता कहिकतैबाट पुष्टि हुन सकेको देखिदैन।यसै सन्दर्भमा "**बैंकमा राखेको रकमको ब्याजलाई आयमा समावेश गर्नका लागि त्यसको मूलधन वैध थियो भन्ने तथ्य पुष्टि गर्न सक्नु पर्ने**" (नेपाल सरकार विरुद्ध रामाज्ञा चतुर्वेदी (ने.का.प.२०६८, अंक ६, नि.नं. ८६३०) र "**यो यस वैधानिक स्रोतबाट आयआर्जन गरेको हो भनी पुष्टी गर्ने दायित्व प्रतिवादी उपर रहने**" भनी नेपाल सरकार विरुद्ध जय प्रकाश प्रसाद गुप्ता समेत (ने.का.प.२०६८, अंक ११, नि.नं.८७२२) को मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट नजिर सिद्वान्त प्रतिपादन भएको देखिन्छ। तसर्थ सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित नजिरको प्रतिकूल गैरकानूनी रकम बैंकमा राखी उक्त रकममा प्राप्त भएको बैंक ब्याजलाई प्रतिवादीको बैध आयमा गणना गरी भएको प्रस्तुत फैसला बदर भागी छ।<br>८. **विभिन्न भत्ता आयः** महंगी भत्ता रु.१,४६,८१३।८०, पोशाक भत्ता रु.७५,२५०।— दैनिक भ्रमण भत्ता रु.५९,१५०।— छुट बैठकभत्ता रु.१,१९०।— र आयोजना भत्ता रु.३,५४,५३२।५० प्रतिवादीको आयमा गणना हुनु पर्ने भनी फैसला भएको छ। तर निज तोरण बहादुर कार्कीको वयान तथा निजले पेश गरेका प्रमाण र जिल्ला आयुक्तको कार्यालय, काठमाडौको मिति २०७९।०९।१९ गतेको पत्र समेतबाट निज सार्वजनिक सेवामा प्रवेश गरे पश्चात अतिरिक्त समयको बैठक भत्ता, आयोजना खाजा भत्ता, निरिक्षण सुपुरिवेक्षण बैठक भत्ता र काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयबाट बुझेको भत्ता प्रचलित कानुन बमोजिम प्राप्त हुने रकम जम्मा रु.१९,८८,६९५।— प्रतिवादीको आयमा कायम गरेको अवस्थामा प्रतिवादीले अदालतमा लिएको जिकिरको आधारमा मात्र आरोपपत्र दायर भए पश्चात तयार गरी पेश गरेको पत्रको आधार लिइ उक्त प्रमाणको आधिकारीकताको कुनै परीक्षण सम्म नगरी प्रतिवादीको आयमा थप गरी प्रतिवादीको आयलाई बढाउने कार्य गरी भएको प्रस्तुत फैसला बदरभागी छ।<br>९. **छोरा सत्कार कार्कीको शिक्षणबाट प्राप्त आयः** प्रतिवादीको छोरा सत्कार कार्कीले मिति २०७१।०९।१६ देखि २०७४।०९।१५ सम्म निर्मलबाटिक एकेडेमी,टोखा काठमाण्डौमा अध्यापन गरि प्राप्त गरेको आयमा १५ प्रतिशत अर्थात जीवन निर्वाह खर्च बापत कट्टा गरी रु.५,१०,०००।—लाई निजको पारिश्रमिक आयमा गणना गर्नु पर्ने भनी फैसला भएको छ।तर निजको छोराले ४ बर्षसम्म शिक्षकको रुपमा कार्य गरेको तथ्य निजले कही कतै वयान र आम्दानीका शीर्षकमा समेत खुलाएको देखिदैन। निजी विद्यालयमा शिक्षण गर्दा छोरा सत्कार कार्की किंङ्स कलेज, बबरमहलमा स्तनातक तह (वि.वि.ए.) मा अध्ययरत रहेको कलेजबाट अध्ययन शुल्क खुलाई आएको च.नं.१३, मिति २०७९/१०/१० को पत्रानुसार समेत देखिन्छ । उच्चस्तरको निजी कलेजमा अध्यनरत प्रतिवादीको छोरा सत्कार कार्कीले कलेजमा अध्ययनका क्रममा विताउने समय, निजी विद्यालयमा शिक्षकको रुपमा काम गर्नुपर्ने अवधि, विद्यालय र कलेज बिचको दुरी, अध्यापन गराउनैपर्ने बाध्यात्मक परिस्थिति समेत निज प्रतिवादीको आर्थिक अवस्थाले देखिदैन । साथै, बैंक खातामा तलव, भत्ताको रकम जम्मा भएको स्टेटमेन्ट, करकट्टी विवरण, भरपाई जस्ता आय पुष्टी गर्ने प्रमाणको अभावमा केवल निजी विद्यालयको पत्रको भरमा नै प्रतिवादीको आयमा रु.५,१०,०००। थप गरिएको फैसला प्रमाण मूल्यांकनको रोहमा त्रुटीपूर्ण छ।<br>१०. **सामाजिक कार्यहरु छोराहरुको ब्रतवन्ध तथा प्रतिवादीको विवाहमा प्राप्त रकमः** चाडपर्वमा प्राप्त दान दक्षिणा, टिकाटालोको रकम पाउने नेपालको धार्मिक, सामाजिक सांस्कृतिक संस्कार परम्परा रितिरिवाज बमोजिम छोराहरुको ब्रतवन्धमा रु.३,००,०००।— र उर्मिला कार्कीको विवाहमा प्राप्त दक्षिणा रु.२,५०,०००।- प्रतिवादीको आय भएको मानी थप गणना गरिएको छ तर उक्त सामाजिक कार्यमा प्राप्त रकमको बारेमा समेत निज प्रतिवादी तोरण बहादुर कार्की र उर्मिला थापा कार्कीले अनुसन्धान वयानमा कुनै जिकिर नलिएको परिस्थितिमा विवाह तथा ब्रतबन्धका क्रममा भएको खर्चतर्फ अनादेखा गरि एकतर्फी रुपमा प्रतिवादीको माग दाबी बमोजिम तथ्य र प्रमाणको अभावमा अदालतबाट प्रतिवादीको आयमा थप गरी भएको प्रस्तुत फैसला बदरभागी छ। |

ग) <u>प्रतिवादीको व्यय शिर्षक तर्फ</u>-:

१.<u>**घर निर्माण खर्च**:</u> निज तोरण बहादुर कार्कीको श्रीमती उर्मिला थापाको नाममा दर्ता कायम रहेको जिल्ला काठमाडौं, टोखा नगरपालिका वडा नं. १० धापासी स्थित कित्ता नं. १५६ मा जाँच अवधिमा निजले घर निर्माण लागत घर कम्पाउण्ड, विद्युतिय सामग्री तथा फर्निचर समेतमा जम्मा रू.२८,११,०८५।५७ खर्च गरेको भनी आरोपपत्रमा प्रतिवादीको व्यय शिर्षकमा गणना गरिएकोमा सो घर प्रतिवादीले ठेक्का प्रकृयाबाट बनाएको भन्ने दाबी पनि देखिदैन। यस अवस्थामा सो रकममा ठेक्का कर बापत ५ प्रतिशत अर्थात रु १,४०,५५४।२७ र Overhead cost बापत १५ प्रतिशत अर्थात रु.४,२१,६६२।८३ गरी जम्मा २० प्रतिशत अर्थात रु.५,६२,२१७।१० कट्टा गरी जम्मा **घर निर्माण तर्फ रु.२२,४८,८६८।४६** व्यय गणना गर्नु पर्ने भनी फैसला भएको छ।तर निज प्रतिवादी स्वयम् लेखाको कर्मचारी श्रीमती समेत जागिरमा रहेको र घरमा समेत अन्य रेखदेख गरिदिने सदस्य समेत रहेको नदेखिएको अवस्थामा निज प्रतिवादीले आफै घर निर्माणमा सहभागी भई आफैले स्रोत जुटाई निर्माण गर्न सक्ने अवस्था नदेखिदा उक्त घर निर्माण गर्दा ठेक्का प्रक्रिया अवलम्वन गरेको तथ्य स्पष्टै देखिन्छ।अनुसन्धानका क्रममा प्रतिवेदन गर्दा र अदालतमा बकपत्र गर्दा समेत आयोगका विज्ञ ईन्जिनियरले उक्त घरको मुल्यांकन प्रतिवेदनमा घर निर्माण गर्दा लागेको खर्च, फर्निचर, ईन्टेरियर डेकोरेशन र उपकरण सहितको घर निर्माण खर्च व्यय रु.२७,८८,०९४।२६ मा १५ प्रतिशत ओभरहेड खर्च र ५ प्रतिशत ठेक्का कर समावेश गरिएको भनि उल्लेख गरेको नदेखिदा उक्त ठेक्का कर र ओभरहेड खर्च कटौती गरी विगो कायम गर्न नमिल्ने स्पष्ट देखिदा देखिदै आरोपत्रमा घर निर्माण खर्चमा उल्लिखित रकममा २०% रकम घटाई रु.२२,४८,८६८।०० मात्र घर निर्माण खर्च कायम गरि भएको फैसला त्रुटीपूर्ण हुँदा वदर भागी छ।

२.<u>जग्गा खरिद रजिष्ट्रेशन दस्तुर वापतको रकमः</u>

**क. प्रतिवादी तोरण बहादुर कार्की समेतको नाउमा रहेको मध्यपुर ठिमी न.पा बडा नं ६ स्थित जग्गा (ज.वि. कि.नं.२०, क्षेत्रफल ०-१५-२-०), जिल्ला काठमाडौं, धापासी हाल टोखा स्थित जग्गा (ज.वि. कि.नं. २६७ र १८१ क्षेत्रफल क्रमश ५५.६४ ब.मि. र ११५.२७ ब.मि.), प्रतिवादी उर्मिला थापाको नाउँमा काठमाडौ साविक धापासी वडा नं. ८, (ज.वि. कि.नं.७१९ र २१२० क्षेत्रफल ०-२-२-० र ०-०-२-०) हाल टोखाको जग्गाका सम्वन्धमा** आयोगले आरोप पत्रमा गणना गरेकै रकमलाई प्रतिवादीले पनि स्वीकार गरेको देखिंदा सोही रकम कायम हुने भनी फैसला भएको अवस्था देखियो।तर प्रतिवादीले अनुसन्धानको क्रममा गरेको वयानमा स्वीकार गरेको तर अदालतमा इन्कार गरेको अवस्थामा प्रतिवादी कै इन्कारी वयान प्रमाणमा लाग्ने होइन।उक्त इन्कारी वयानलाई तथ्य र प्रमाणले पुष्टि गरेको हुनुपर्छ।उल्लिखित जग्गाहरुमा वादी र प्रतिवादीको भनाई मिलेको भनी आरोप पत्र अनुसार कै रकम कायम गरीएको छ। तर अन्य जग्गाहरुका सन्दर्भमा प्रतिवादीले अदालतमा लिएको इन्कारी जिकिरलाई प्रतिवादीको बैंक खाताबाट जग्गा बिक्रेतालाई जग्गा खरिद बापतको रकम भुक्तान गरेको बैंक स्टेटमेन्टबाट पुष्टि भएको र अनुसन्धानमा प्रतिवादीले व्यक्त गरेका वयान बेहोरालाई खण्डित गरेको अवस्थामा समेत प्रतिवादीकै इन्कारी वयान र मालपोत कार्यालयको इन्कारी वयानलाई आधार लिइ प्रतिवादीको व्ययमा कम रकम गणना गरी भएको फैसला बदर भागी छ।

**ख. काठमाडौं, साविक धापासी ८ हाल टोखा नगरपालिका वडा नं ७ स्थित कित्ता नं. १२१को जग्गा खरिद सम्बन्धमा**ः आरोप पत्रमा जग्गा बिक्रेता बिकास प्रजापति र शुसिल रत्न महर्जनलाई तोरण बहादुर कार्कीको सानिमा बैंकको खाताबाट बास्तविक रकम (रजिष्ट्रेसन दस्तुर बाहेक) रु.१,७४,००,०००।- र सोको रजिष्ट्रेशन दस्तुर समेत गरेर रू.१,७९,४२,५००।- ब्ययमा गणना गरेको छ। तर प्रतिवादीले सो गणनालाई अस्वीकार गरी लिखतमा पारित मूल्य नै जग्गाको मूल्य भुक्तानी गरेको हो भन्ने जिकिर लिएको र पारित लिखतमा रु.१,५५,००,०००।-उल्लेख भएको सो लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर रू.५,४२,५००।- भुक्तानी गरेको देखिंदा लिखतमा उल्लिखित रकमलाई नै आधारभूत मूल्य कायम गर्नुपर्ने हुँदा उक्त जग्गा खरिद बापतको ब्ययमा गणना गर्नुपर्ने देखियो भनी फैसला भएको छ। **सो सन्दर्भमा, नेपाल सरकार बिरुद्ध ईश्वरप्रसाद पोखरेल (ने.का.प. २०७२, अंक ९, नि.नं. ९४६१) को मुद्धामा प्रतिपादित नजिर "अचल सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र बिश्वसनिय आधारभुत प्रमाण आधिकारिक निकाय मालपोत कार्यालयबाट पारित रजिष्ट्रेशनको लिखत हो। सो लिखतमा लेखिएको ब्यहोरा अन्यथा नभएसम्म मान्नुपर्ने हुने।** भन्ने सिद्धान्त प्रतिपादन भएको छ।प्रतिवादी तोरण बहादुर कार्कीले सो जग्गा खरिद गरेको मिति २०७४/०५/२१ मा नै जग्गा बिक्रेता बिकास प्रजापतिलाई आफ्नो खाताबाट रु.१,५५,००,०००।- र अर्को जग्गाधनी शुसिल रत्न महर्जनलाई उर्मिला थापाको हिमालय बैंकको खाता नं.००२०२५३१६४००१४, Good for Payment चेकमार्फत रू.१९,००,०००।- दिएको सम्बन्धित बैंकबाट प्राप्त हिमालयन बैंकको Ref No.CICD/836/2023, 14th May, 2023 को पत्रसाथ संलग्न कागजातबाट (फाइल नं.५, अनुसुची ७/२२) देखिएको र उक्त तथ्य कारोबार बारे निज तोरण बहादुर कार्कीले आफ्नो बयानको सवाल नं ७० को जवाफमा सो रकम उक्त जग्गा खरिद गर्दा बिक्रेता सुसिल रत्न महर्जन र बिकास प्रजापति लाई दिएको रकम हो भनि उल्लेख समेत गरेकोले उक्त लिखतको रकम अन्यथा प्रमाणित भएको छ।तसर्थ निजले लगानि गरेको बास्तविक रकम रजिष्ट्रेसन दस्तुर समेत गरेर रू.१,७९,४२,५००।- नै हुनुपर्नेमा अदालतले प्रतिवादीले वयान गरेकै भरमा अनुसन्धानको क्रममा गरेको

स्वीकारी वयान तथा निज र निजको श्रीमतीको खाताबाट सोही मितिमा जग्गा विक्रेताको नाउमा रकम भुक्तानी गरेको प्रमाणलाई अनदेखा गरी भएको फैसला त्रुटीपूर्ण छ।

**ग.** **काठमाडौ महानगरपालिका वडा नं.४ धुम्वाराहीको** कित्ता नं. ५२९ क्षेत्रफल ०-२-३-० भएको जग्गा मालपोत कार्यालय, डिल्लिबजारको लिखत अनुसार रु.४४,००,०००।- मा लिएको देखिएता पनि निज तोरण बहादुर कार्कीको सानिमा बैंकको खाताबाट उक्त लिखत पास भएको दिनमा नै बिक्रेता जितेन्द्र बहादुर कार्कीलाई रु.१,१४,५०,०००।- को Good For Payment चेक दिएको र खाताबाट सो रकम डेबिट समेत भएको सो बैंकबाट प्राप्त प.सं. १४४५, मिति २०८०/०२/०३ को पत्रसाथ संलग्न कागजातबाट देखिनुका साथै भुक्तानिको उद्देश्यमा जग्गा खरिद उल्लेख भएको छ।सो सम्बन्धमा निजको बयानको सवाल नं.६७ को जवाफमा समेत निजले उक्त रकम सोहि जग्गा खरिद बापत दिएको रकम हो भनी उल्लेख गरेको हुँदा निज प्रतिवादीको बैंकखाताबाट जग्गा विक्रेता जितेन्द्र बहादुर कार्कीको खातामा जग्गा पास भएकै दिन रु.१,१४,५०,०००।— भुक्तानी हुनु र निजले अनुसन्धानको क्रममा गरेको वयानले समेत मालपोत कार्यालय डिल्लिबजारको लिखत अन्यथा प्रमाणीत हुन आएको अवस्थामा उक्त प्रत्यक्ष प्रमाणलाई अनदेखा गरी प्रतिवादीले कसूरबाट सफाई पाउने अभिप्रायले अदालत समक्ष गरेको वयानलाई आधार लिई मालपोत कार्यालयमा राजश्व कम बुझाउने मनसायले देखाइएको भुक्तानी रकमलाई मात्र आधार लिई भएको फैसला प्रमाण मूल्यांकनको रोहका त्रुटीपूर्ण हुँदा बदर भागी देखिन्छ।

**घ.** **काठमाडौ महानगरपालिका वडा नं.४(धुम्बाराहि) को कित्ता नं.** ४६६, क्षेत्रफल ०-५-०-० मध्ये १०१ ब.मी. हाल कित्ता नं. ७७१ भएको जग्गा मालपोत कार्यालय, डिल्लिबजारको लिखत अनुसार रु.५०,८३,४००।- मा रजिष्ट्रेसन पास गरेको देखिएता पनि निज तोरण बहादुर कार्कीको श्रीमती उर्मिला थापा कार्कीको हिमालयन बैंकबाट जग्गा पास भएकै मितिमा नै बिक्रेता जमुना कार्कीलाई रु.१,२५,००,०००।- को AC Payee चेक मार्फत दिएको बैंकको Ref No.CICD/736/2023, 2nd May, 2023 को पत्र साथ संलग्न विवरण अनुसार खुलेको छ (फाइल नं.५, अनुसुची २/१६) । निजको खाताबाट सो रकम डेविट समेत भएको र उक्त तथ्यलाई प्रतिवादी तोरण बहादुर कार्कीको बयानको सवाल नं.६८ को जवाफमा समेत निजले सो रकम सोहि जग्गा खरिद बापत दिएको रकम हो भनी उल्लेख गरेको हुँदा अचल सम्पत्तिको हक प्राप्त गर्ने प्राथमिक र बिश्वसनिय आधारभुत प्रमाण नै जग्गा खरीद भएकै दिनमा प्रतिवादीहरुको बैंक खाताबाट जग्गा विक्रेताको खातामा मालपोतमा लिखतमा देखाइए भन्दा बढी नै रकम ट्रान्सफर भएको हुँदा उक्त आधारभुत प्रमाणलाई अनदेखा गरी भएको फैसला त्रुटीपूर्ण देखिन्छ।

**ङ.** रजिष्ट्रेशन दस्तुर तथा पुँजीगत लाभकर छल्ने/कम तिर्ने उद्देश्य सहित वास्तविक खरिद मूल्यमा घटाई मालपोत कार्यालयको लिखतमा कम थैली मूल्य राखि भएका कारोवारको अन्यथा प्रमाणित भइसकेको अवस्थामा समेत सुरु अदालतले प्रतिवादीको खर्च कम गणना गर्नु गम्भीर त्रुटी देखिन्छ।यसले आगामी दिनमा कर छल्ने प्रचलनलाई समेत बढावा दिने विषयलाई नकार्न सकिदैन। प्रतिवादीका बैंक खाताबाट चेकमार्फत जग्गा खरिदका क्रममा विक्रेता बिकास प्रजापति र शुसिल रत्न महर्जनलाई रु.१९,००,०००।- (उन्नाइस लाख), जितेन्द्र बहादुर कार्कीलाई रु.१,१४,०६,०००।-(एक करोड चौध लाख छ सय), जमुना कार्कीलाई रु.७४,१६,६००।- (चौरत्तर लाख सोह हजार छ सय) थैली मूल्य भन्दा बढी रकम दिएको कुल रु.२,०७,२२,६००।- (दुई करोड सात लाख वाइस हजार छ सय मात्र) रकम सम्बन्धमा उपरोक्त जग्गाधनीलाई के कारणले उक्त रकम भुक्तानि भएको हो, उक्त रकम हालसम्म प्रतिवादीले फिर्ता पाए/नपाएको भन्ने सम्बन्धमा फैसलामा समेत खुलाइएको छैन। यसै परिप्रेक्षमा प्रतिवादी तोरण वहादुर कार्की र उर्मिला थापा (कार्की) का बैंक खाता मार्फत जग्गा खरिदकै क्रममा भुक्तानि भएको विभिन्न बैंकबाट प्राप्त कागजातबाट स्पष्ट हुन्छ।तसर्थ तथ्य तथा प्राप्त प्रमाणको आधारमा प्रतिवादीको व्यय कायम गर्नु पर्नेमा सो नगरी प्रतिवादीको वयान र प्रमाणको तादम्यता नमिलाई भएको प्रस्तुत फैसला बदर गरी पाउँ।

**च.** **विभिन्न व्यक्तिहरुलाई दिएको सापटी/बैंकबाट रकम निकालेको सम्बन्धमा :**

प्रस्तुत फैसलामा प्रतिवादीले कर्मचारी संचयकोष, नागरिक लगानी कोष र ग्रामिण बचत तथा ऋण सहकारी संस्थाको साँवा र व्याज भुक्तानि वापतको रकम रु.६६,२७,४७६।— लाई व्ययमा गणना गरिएकोमा व्यक्तिगत ऋण सापटी स्वरुप रेमिटेन्स मार्फत बैंक खातामा जम्मा भएको रु.७८,१५,५८४।— वाहेक अन्य प्रमाण नपुग्ने अनौपचारिक लेनदेन दुबैलाई आय तथा व्यय शीर्षकमा गणना गर्न उचित नदेखिएको आरोपपत्रमा उल्लेख भएको अवस्थामा अनौपचारिक रुपमा लिएका ऋण सापटीलाई आयमा गणना गरि प्रतिवादी छानविनका क्रममा आयोग समक्ष उपस्थित भइ बैंकबाट रकम ननिकाल्नका लागि निजले गरेको प्रतिबद्धता विरुद्ध सोही दिन बैंक खाता मार्फत सुजन थापालाई मिति २०७९/०९/०३ मा रु.४३,००,०००।-, भुवानी घिमिरेलाई रु.१३,००,०००।-, कृष्ण प्रसाद घिमिलेलाई रु.८५,००,०००।— र शेखरनाथ सिटौलालाई रु.९,५०,०००।— तथा छानविन सुरु हुनु अगाबै मिति २०७९/०५/१६ मा भुवानी घिमिरेलाई रु.५०,००,०००।-,गरि कुल रु.१,२४,००,०००।- (एक करोड चौविस लाख) लाई समेत प्रतिवादीको व्ययमा गणना गर्नुपर्ने देखिन्छ।उक्त बेहोरा प्रतिवादी स्वयमले आयोग

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | समक्ष गरेको वयानको स.ज.नं.५४ मा समेत खुलाएको अवस्थामा अनौपचारिक रुपमा लिएका ऋण सापटीलाई आयमा मात्र गणना गरि प्रतिवादीले बैंकबाट भुक्तानी गरेको कुल रकम रु.१,२४,००,०००।- (एक करोड चौविस लाख) का वारेमा केही उल्लेख नगरी भएको फैसला त्रुटीपूर्ण हुँदा बदरभागी छ।<br>अतः माथि विवेचित आधार र कारणहरुबाट प्रतिवादीहरुको पारिश्रमिक आय, विभिन्न भत्ता आय, कर्जा आय, जग्गा विक्री आय, घर बहाल आय, व्यक्तिगत सापटी लिएको आय, सामाजिक कार्यमा प्राप्त रकम, घर निर्माण खर्च, जग्गा खरीद खर्च समेतबाट यी प्रतिवादी तोरण बहादुर कार्कीले मिति२०५३/०२/१७ देखि मिति २०७९/०८/२८ सम्म गैरकानुनी रुपमा आर्जन गरेको सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति समेत गरी जम्मा रु.४,६७,३८,७८०।६६ बराबरको सम्पत्ति गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको र सोबाट बढे बढाएको सम्पत्ति समेत आफ्नो एकासगोलकी पत्नी प्रतिवादी उर्मिला थापा कार्कीको नाममा समेत राखेको देखिएको हुँदा यी प्रतिवादीले आरोपित कसूर गरेको निर्विवाद रुपमा पुष्टि भएकोमा मिसिल संलग्न समग्र प्रमाणको उचित मुल्यांकन नगरी एवंम् सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकुल हुने गरी गैर कानूनी रुपमा आर्जन गरको सम्पत्तीबाट बढे बढाएको सम्पत्तिलाई समेत प्रतिवादीको बैध आय कायम गरी प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण भएकोले उक्त फैसला वदर गरी प्रतिवादीहरुलाई आरोप-पत्र मागदावी बमोजिम कसूर ठहर गरी सजाय गरि पाउँन सम्मानित अदालत समक्ष अनुरोध छ। |